बैठक नं. १७

आ.व. २०८२/०८३

आज मिति २०८३/३/९ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | वरिष्ठ लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | विवेक पोखरेल | ईन्जिनियर | |
| ५ | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| ६ | कल्पना शर्मा | आ. ले. प. अधिकृत | |
| ७ | श्रद्धा सापकोटा | जनस्वास्थ्य अधिकृत | |
| ८ | रवि थनेत | सूचना प्रविधि अधिकृत | |
| ९ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| १० | प्रेम वहादुर सारु | वरिष्ठ प्रशासन सहायक | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

सत्रौं कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मिति:२०८३/३/९

समय: विहान ८.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।

२. आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. आ.व. २०८३।८४ को आर्थिक बिधेयक एवम् करका आधार र दर सम्बन्धी प्रस्ताव सम्बन्धमा।

४.आ.व. २०८३।८४ को बिनियोजन बिधेयक र बजेट तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा।

५.स्थानीय तह्स्तरीय भूमि समस्या सहजीकरण समिति सम्बन्धमा।

६.हाम्रो खुसी हातेपुस्तक र स्थानीय पाठ्यक्रम लेखन पारिश्रमिक सम्बन्धमा।

७.जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा।

८.पूर्वाधार विकास समितिको प्रतिवेदन सम्बन्धमा।

९.वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा।

१०.सुशासन तथा संस्थागत समितिको प्रतिवेदन सम्बन्धमा।

११.विपन्न महिलाको पोषण सुधारको लागि अनुदान वितरणका लागि लक्षित समूहका लाभग्राही छनौट सम्बन्धमा।

१२.नवजागरण क्याम्पसबाट दक्षिणतर्फ धजाहा वस्ती कल्भर्टसम्मको सडकखण्ड मर्मत सम्बन्धमा।

निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।

२. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट मस्यौदा तयार भई कार्यपालिकामा पेश भएको आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम नगर सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

३. राजश्व परामर्श समितिको सिफारिस बमोजिम आ.व. २०८३।८४ का लागि आर्थिक बिधेयक,२०८३ एवम् करका आधार र दर सम्बन्धी प्रस्ताव नगर सभामा पेश गर्न स्वीकृति दिने।

४. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट मस्यौदा तयार भई कार्यपालिकामा पेश भएको आ.व. २०८३।८४ को विनियोजन विधेयक, २०८३ र बजेट तथा कार्यक्रमको प्रस्ताव नगर सभामा पेश गर्न स्वीकृति दिने।

५. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधि, २०८३ बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नापनक्शा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिमा कार्यपालिका सदस्यहरुबाट एक दलित वा अल्पसंख्यक र एक महिला गरी दुईजना सदस्यहरु मध्ये देहायका कार्यपालिका सदस्य मनोनित गर्ने।

क. कृष्ण प्रसाद वि.क.

ख. हिरा कुमारी कुमाल

६. हाम्रो खुसी हाते पुस्तक र स्थानीय पाठ्यक्रम लेखन तथा सम्पादन कार्य मण्डलका प्रत्येक सदस्यलाई उपस्थितिका आधारमा प्रति बैठक रु ८००/- का दरले पारिश्रमिक भत्ता र नियमानुसारको खाना/ खाजा बापतको रकम भुक्तानी गर्ने।

७. जिल्ला समन्वय समितिको कार्यालयबाट प्राप्त अनुगमन प्रतिवेदनमा उल्लेख भएका सुझावहरु उपर छलफल गरियो।

८. पूर्वाधार विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८२/ ८३ को प्रतिवेदन उपर छलफल गरियो।

९. वन, वातावरण तथा विपद् विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८२/ ८३ को प्रतिवेदन उपर छलफल गरियो।

१०. सुशासन तथा संस्थागत विकास समितिका संयोजकद्वारा प्रस्तुत आ. व. २०८२/ ८३ को प्रतिवेदन उपर छलफल गरियो।

११. सुनौलो हजार दिनको विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान वितरण कार्यक्रमका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८३/३/५ को सिफारिसबाट छनोट भएका वडा नं. १५ का २८ जना लाभग्राहीहरुको नामवाली अनुमोदन गर्ने। साथै छनोट भएका लाभग्राहीहरुलाई कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउने।

१२. आलोक चक्रपथ उल्टिखोला देखि मध्यविन्दु वडा नं. २ को सिमानासम्म, मध्यविन्दु ८ चौरङ्गी देखि हर्वास्टार हुदै बाहुनीकुना सम्मको सडक स्तरोन्नति, पूर्व पश्चिम राजमार्गको उत्तरतर्फ मैनाघाट वैकल्पिक सडक आयोजना निर्माणका लागि तहाँ कार्यालयबाट ठेक्का सूचना भएको विषयमा नगरपालिकालाई जानकारी भएतापनि आलोक चक्रपथको नवजागरण क्याम्पसबाट दक्षिणतर्फ

धजाहा वस्ती कल्भर्टसम्मको सडकखण्डमा हालसम्म कुनै पनि कार्य सुचारु नभएको, उक्त खण्ड नगरपालिकाको प्रमुख शहरी क्षेत्र पर्ने भएकोले दैनिक सवारी चाप अत्याधिक रहेको, हाल सडकमा खाल्डाखुल्डी परेर दैनिक आवातजावतमा समस्या परेको, स्थानीय समुदायबाट तत्काल मर्मत नगरेमा सवारी आवागमन समेत रोकिने भनि सडक मर्मतको लागि विभिन्न समयमा ताकेता तथा गुनासो आएकोले उक्त सडकखण्ड तत्काल मर्मत गर्ने र सो को जानकारी समेत सडक डिभिजन कार्यालय भरतपुरलाई दिने।